# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

प्रबन्ध-पत्र र नियमावली
सातौं संशोधनसहित
२०५९

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## प्रबन्ध–पत्र

१. कम्पनीको नाम: साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड ।

२. कम्पनी रजिस्टर अफिस रहने ठाउँ: काठमाडौं ।

३. कम्पनीको कार्यक्षेत्र सम्पूर्ण नेपाल अधिराज्यभर

४. कम्पनीको स्थापना गर्ने उद्देश्य:

(क) सरल सुपथ मोलमा नून पैठारी गरी अधिराज्यभर बिक्री-वितरण गर्ने व्यवस्था मिलाउने ।

(ख) अरू दैनिक उपभोगका पदार्थ आवश्यकताअनुसार पैठारी गर्ने, बिक्री वितरण गर्ने र निकासा गर्ने ।

(ग) उपरोक्त प्रयोजनका लागि अधिराज्यका विभिन्न भागमा शाखा प्रशाखा कार्यालयहरू खोल्ने र सञ्चालन गर्ने ।

(अ) कर्पोरेशनले आफ्नो कारोवार सञ्चालनको लागि विभिन्न जिल्लाहरू झापा, मोरङ्ग, पर्सा, काठमाडौं, मकवानपुर, चितवन, कास्की, बाग्लुङ्ग, रूपन्देही, कपिलबस्तु, दाङ्ग, बाँके, सुर्खेत, कैलाली, जिल्लाहरूमा कार्यालयहरू खोली सञ्चालन गर्दै आइरहेकोमा कर्पोरेशनको कारोवार नेपाल अधिराज्यका ७५ वटै जिल्लाहरूमा पुऱ्याउने उद्देश्यले ताप्लेजुङ्ग, पाँचथर, इलाम, संखुवासभा, भोजपुर, तेह्रथुम, धनुकुटा, सुनसरी, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सप्तरी, सिराहा, दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी, धनुषा, रसुवा, नुवाकोट, धादिङ्ग, काभ्रे, सिन्धुपाल्चोक, ललितपुर, भक्तपुर, सर्लाही, रौतहट, बारा, मनाङ्ग, गोरखा, लमजुङ्ग, स्याङ्गजा, पाल्पा, तनहुँ, गुल्मी, अर्घाखाँची, नवलपरासी, मुस्ताङ्ग, म्याग्दी, पर्वत, रुकुम, सल्यान, प्युठान, रोल्पा, डोल्पा, मुगु, हुम्ला, कन्चनपुर, जुम्ला, कालिकोट, दैलेख, जाजरकोट, बर्दिया, बझाङ्ग, अछाम, बाजुरा, डोटी, दार्चुला, बैतडी, डडेल्धुरा जिल्लाहरूमा आवश्यकतानुसार क्रमिक रूपमा कार्यालयहरू खोल्ने ।

(आ) उपरोक्त प्रयोजनका लागि स्वदेश तथा विदेशका विभिन्न स्थानमा शाखा-प्रशाखा कार्यालयहरू खोल्ने, सञ्चालन गर्ने, विदेशी कम्पनीहरूमा लगानी गर्ने, विदेशमा कर्पोरेशनले कम्पनी दर्ता गराई व्यापारिक कारोवार गर्ने, विदेशी कम्पनीसँग ज्वाइन्टभेन्चरमा काम गर्ने ।

(घ) निकासी पैठारी र व्यापार गर्ने तथा यस कार्यको लागि स्वदेशी र विदेशी कम्पनीहरूको एजेन्ट र प्रतिनिधि भई काम गर्ने । कृषि, वन पैदावार, पेट्रोलियमलगायत अन्य क्षेत्र, उपक्षेत्रलाई आवश्यक पर्ने आधारभूत आवश्यकताका क्षेत्र, उपक्षेत्रको लागि आवश्यक पर्ने कलकारखाना, मेसिनरी, भेहिकल, सर-सामानलगायत कच्चापदार्थ, अर्धप्रशोधित पदार्थ र प्रशोधित पदार्थको आयात, निर्यात, सङ्कलन, बिक्री-वितरण लगायत तत्सम्बन्धी अनुभव र ज्ञान अभिवृद्धि गर्नको लागि आवश्यक संस्थाहरूको स्थापना, विकास र विस्तार गर्ने वा गर्न सहयोग पुऱ्याउने ।

(ङ) नयाँ तथा पुराना स्थापना भइसकेका उद्योगहरूमा लगानी गर्ने, उद्योगहरूको स्थापना गर्ने ।

(च) केमिकल तथा खादको उत्पादन, पैठारी, बिक्री तथा वितरण गर्ने गराउने ।

(छ) कर्पोरेशनले कुनै पनि जग्गा खरिद गरी आवास योजना (हाउजिङ्ग तथा लिजिङ्ग) सञ्चालन गर्ने, आवास गृह निर्माण गरी बिक्री वितरण गर्ने तथा जग्गा प्लानिङ्ग गरी बिक्री-वितरण गर्ने गराउने तथा तत्सम्बन्धी आवश्यक थप काम कारवाही गर्ने गराउने ।

४.१. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरू:- कम्पनीले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरू गर्नेछ ।

क) कम्पनीले आफ्नो उद्देश्य कार्यान्वयन गर्नुअघि प्रचलित नेपाल कानूनबमोजिम अनुमति वा इजाजत लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नेछ ।

ख) कम्पनीलाई आवश्यक पर्ने कार्यालय भवन निर्माण गर्न जग्गा खरिद गर्ने वा भवन भाडामा वा लिजमा लिन सक्नेछ ।

ग) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्न तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्न सक्नेछ ।

घ) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

ङ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक, वित्तीय संस्था, संगठित संस्था वा सर्वसाधारणबाट धितो राखी वा नराखी कर्जा लिने वा डिबेन्चरको रूपमा वित्त व्यवस्था गर्ने ।

च) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्नु तथा त्यसलाई बिक्री गर्नु ।

छ) कम्पनीलाई आवश्यक पर्ने कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता अफिस सामान खरिद गर्ने तथा भाडामा लिने ।

ज) कम्पनीलाई आवश्यक पर्ने सवारीका साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

झ) कम्पनीको उद्देश्य पूरा गर्न सहायक हुने अन्य कार्यहरू गर्ने ।

५. दायित्व सीमित हुने : यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ। आफूले खरिद गरेको शेयरको रकमबाहेक आफ्नो घरघरानाबाट शेयर धनीले कुनै दायित्व व्यहोनुपर्ने छैन ।

६. शेयर पूँजी संरचना कम्पनीको शेयर पूँजी संरचना निम्नानुसार हुनेछ ।

क) अधिकृत पूँजी- कम्पनीको अधिकृत पूँजी रू.१००।- दरको १०,००,००० (दस लाख) कित्ता शेयरमा विभाजित रू. १०,००,००,०००।- (दस करोड) रहनेछ ।

ख) जारी पूँजी कम्पनीको जारी पूँजी रू.१००।- दरको ५,००,०००।- (पाँच लाख) कित्ता साधारण शेयरमा विभाजित रू. ५,००,००,००० ।- (पाँच करोड) हुनेछ ।

७. यो प्रबन्धपत्रमा उल्लेखित प्रावधानहरू संशोधन गर्नुपर्ने भएमा कम्पनी ऐन २०५३ द्वारा निर्दिष्ट प्रावधानअन्तर्गत रही संशोधन गरिनेछ ।

८. कम्पनीको शेयर खरिद वा हस्तान्तरणसम्बन्धी व्यवस्था:

क) कम्पनीको शेयर सार्वजनिकरूपमा निष्काशन गरी बिक्री गर्न सकिनेछ ।

ख) कम्पनीको शेयर कम्पनी ऐन २०५३ तथा प्रचलित कानूनबमोजिम बिक्री तथा हस्तान्तरण गर्न सकिनेछ ।

ग) शेयर खरिद, बिक्री, हस्तान्तरण, नामसारी, धितोबन्धक सम्बन्धमा अन्य शर्त तथा बन्देजहरू कम्पनी ऐन २०५३ र प्रचलित कानूनबमोजिम हुनेछन् ।

९. हामी तल सही गर्ने व्यक्तिहरू जसको नाम र वतन लेखिएको छ। यो प्रबन्ध-पत्रअनुसार कम्पनीको रूपमा सङ्गठित हुन इच्छुक भई क्रमश: हामीहरूको नामको अगि लेखिएको शेयरहरू लिन मन्जुर गरेका छौं ।

| शेयर लिने व्यक्तिहरूको नाम र वतन | पेसा | प्रत्येकले लिएको साधारण शेयरको सङ्ख्या | दस्तखत साक्षीको नाम र वतन |
|---|---|---|---|
| १. श्री ५ को सरकार, ए.ज. र वाणिज्य विभाग | | ६७५० | |
| २. नेशनल ट्रेडिङ्ग लि. टेकु, काठमाडौं | व्यापार | ५६२५ | |
| ३. राजेन्द्रमान शेरचन, पकनाजोल | व्यापार | ३६८ | |
| ४. कीर्तिकुमार जोशी, कमलपोखरी | व्यापार | ३०० | |
| ५. गौरीशंकर अग्रवाल, नयाँसडक | व्यापार | ३०० | |
| ६. कृष्णसिद्धि गुभाजू, मखनटोल | व्यापार | २०० | |
| ७. रूपकुमार सिद्धि, मखनटोल | व्यापार | ३४५ | |
| ८. ईश्वरलाल श्रेष्ठ, ठहिटी | व्यापार | ३७१ | |
| ९. बासुदेव शर्मा लुईंटेल, ललितपुर | व्यापार | २०२ | |

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## नियमावली

१. कम्पनीको नाम: यस कम्पनीको नाम साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड हुनेछ ।

२. कम्पनी रजिस्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिस्टर्ड कार्यालय जिल्ला काठमाडौं का.म.न.पा.व.नं. १३ कालिमाटी, काठमाडौंमा रहनेछ ।

३. कम्पनीको उद्देश्य : यस कम्पनीको उद्देश्य प्रबन्ध-पत्रमा उल्लेख भएबमोजिम हुनेछ ।

४. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरू:

कम्पनीको आफ्नो उद्देश्य प्राप्त गर्न गरिने कामहरूको विवरण प्रबन्ध-पत्रको दफा ४(१) मा उल्लेख भएबमोजिम हुनेछ ।

५. शेयर पूँजी संरचना: कम्पनीको शेयर पूँजी संरचना निम्मानुसार हुनेछ ।

क) अधिकृत पूँजी- कम्पनीको अधिकृत पूँजी रू. १००।- दरको १०,००,००० (दस लाख) कित्ता शेयरमा विभाजित रू.१०,००,००,०००।- (दस करोड) रहनेछ ।

ख) जारी पूँजी कम्पनीको जारी पूँजी रू. १००।- दरको ५,००,०००।- (पाँच लाख) कित्ता साधारण शेयरमा विभाजित रू. ५,००,००,०००।- (पाँच करोड) हुनेछ ।

६. कर्पोरेशनले साधारण सभामा विशेष प्रस्ताव पास गरी तथा सम्बन्धित विभागको स्वीकृत लिई आफ्नो पूँजी घटबढ गर्ने शेयर पूँजीलाई तत्कालको लागि विभिन्न श्रेणीमा विभाजन गर्न, तिनीहरूलाई क्रमश: प्रिफेरेन्स तथा अन्य अग्राधिकार हक संलग्न गर्न, त्यस्ता हकलाई अदलबदल गर्न संशोधन वा रद्द गर्न र बढी वा घटी दरको शेयरहरू निष्काशन गर्न सक्नेछ ।

७. शेयरसम्बन्धी व्यवस्था:

कम्पनीले आफ्नो शेयर सर्वसाधारण व्यक्तिलाई बिक्री गर्नेछ । शेयर खरिदका लागि दिइने प्रत्येक दरखास्त साथ आफूले लिने शेयरको हुने मोलको प्रति शेयर रू. १००।- को ५० प्रतिशत अर्थात् रू. ५०।- प्रति शेयरका दरले पेश्की रकम पठाउनु पर्नेछ । पेश्की साथमा नपठाइएको आवेदन अमान्य हुनेछ ।

८. शेयर बिक्री तथा बाँडफाँड प्रचलित कानूनको अधिनमा रही सञ्चालक समितिले गर्नेछ ।

९. शेयरको बाँडफाँडको शर्तअनुसार त्यसको मूल्य पूर्ण वा आंशिकरूपमा किस्ताबन्दीमा दिनुपर्ने गरिएको भए त्यसको प्रत्येक

किस्ता जसको नाममा सो शेयर तत्काल दर्ता छ सो व्यक्तिले वा निजको कानूनी हकदारले यथासमयमा कम्पनीलाई बुझाउनु पर्छ ।

१०. साझा गरी शेयर लिएकोमा सो शेयरबापत कम्पनीलाई किस्ता-किस्तामा बुझाउनुपर्ने रकमका लागि साझेदारहरू संयुक्तरूपले वा अलग-अलग पनि जवाफदेही हुनेछन् ।

११. जसको नाममा शेयर राजिस्टर भएको छ त्यसैलाई मात्र कम्पनीले शेयरको एकमात्र हकदार मान्नेछ । अधिकारपूर्ण अदालतको आदेश भइआएमा बाहेक अरू कसैले कर्पोरेशनको शेयरउपर गरेको कुनै पनि दावा स्वीकार गर्न कर्पोरेशन बाध्य हुनेछैन ।

१२. शेयरवालाहरूलाई कर्पोरेशनको छाप र कमसेकम दुई जना सञ्चालकहरूको दस्तखत भएको प्रमाण-पत्र दिइनेछ । प्रत्येक प्रमाणपत्रमा सिलसिला नम्बर, शेयरको सङ्ख्या र त्यसको भुक्तान भएको रकम जनाइनेछन् ।

१३. प्रत्येक शेयरधनीले आफ्नो नाममा दर्ता भएका शेयरहरूको एउटै प्रमाण-पत्र वा प्रत्येक शेयरको भिन्नाभिन्नै प्रमाण-पत्र पाउने छन् । धेरै जना साझा गरी शेयर लिएकोमा तिनीहरूमध्ये जसको नाम कर्पोरेशनको दर्ता किताबमा सबभन्दा अघि लेखिएको छ उसैलाई शेयरको प्रमाण-पत्र दिइनेछ ।

१४. कुनै प्रमाण-पत्र झुत्रो भएमा वा बिग्रेमा र सो दाखिल हुन आएमा सो प्रमाणलाई रद्द गरी तोकिएको दस्तुर लिई त्यसको सट्टा नयाँ प्रमाणपत्र दिइनेछ । कुनै प्रमाण-पत्र हराए वा नष्ट भएमा त्यसको धनीले सो हराएको वा नष्ट भएको थाहा पाएको ३५ दिनभित्र सो व्यहोराको दरखास्त कम्पनीको प्रधान कार्यालयमा दिनुपर्छ । त्यसरी दरखास्त पर्न आएमा समितिले कम्पनी ऐन २०५३ बमोजिम निर्धारित रित पुऱ्याई तोकिएको दस्तुर लिई हराएको वा नष्ट भएको प्रमाणपत्रको सट्टा नयाँ प्रमाण-पत्र दिइनेछ ।

१५. शेयरहरू एक वा एकभन्दा बढी व्यक्तिहरू, लिमिटेड कम्पनी वा अरू संगठित संस्थानको नाममा दर्ता हुन सक्नेछ । तर
   क) ४ जनाभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा कुनै पनि शेयर दर्ता गरिनेछैन ।
   ख) कुनै नाबालिगको नाममा शेयर दर्ता गर्नुपरेमा निजको संरक्षकद्वारा निज नाबालिक रहुन्जेल सो सञ्चालित भएको मान्य हुनेछ ।

१६. शेयरबापतको रूपैयाँको भुक्तानी: शेयरबापतको रकमको भुक्तानी सञ्चालक समितिले निर्णय गरी माग गरेको समयमा बुझाई चुक्ता गर्नुपर्नेछ ।

१७. नियम १६ बमोजिम किस्ता माग गर्दा प्रत्येक शेयरवालाको नाममा बुझाउनुपर्ने किस्ता रकम, समय र स्थान खोली कम्तीमा तीस दिनको म्याद दिई तोकिएबमोजिमको ढाँचामा लिखित सूचना पठाउनु पर्नेछ । सो कुरा राष्ट्रिय स्तरको पत्रपत्रिकामा समेत कम्तीमा २ पटक प्रकाशन गर्नुपर्नेछ ।

१८. कुनै शेयरवालाले शेयरबापत भुक्तान गर्नुपर्ने रूपैयाँ उपनियम १७ बमोजिम लेखिएको म्यादभित्र भुक्तान नगरेमा सो म्याद नाघेको मितिले तीन महिनाको म्याद थप दिई म्यादभित्र बुझाउन ल्याएमा सयकडा १२ प्रतिशतका दरले ब्याजसमेत लगाई बुझिलिने र सो म्यादमा पनि बुझाउन नल्याए निजको शेयर जफत हुने कुरा स्पष्ट खोली सम्बन्धित शेयरवालालाई सूचना दिनु पर्नेछ र यस्तो सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा कम्तीमा दुईपटक प्रकाशन गराउनु पर्नेछ । सोबमोजिमको सूचनाको म्यादमा पनि किस्ता नबुझाएमा जुन शेयरको सम्बन्धमा सो सूचना दिइएको हो सो शेयर जफत हुनेछ ।

१९. नियम १८ बमोजिमको अवस्थामा शेयर जफत सम्बन्धमा सञ्चालक समितिले मनासिब देखेमा शेयरबापत भुक्तान भएजति रूपैयाँलाई शेयरको रूपमा कायम राख्न सक्नेछ ।

२० समितिले उपयुक्त देखेमा शेयरबापत शेयरवालाले कर्पोरेशनलाई भुक्तानी गर्नुपर्ने रकमको सबै वा केही अंश किस्ता तलब (कल) गरिएको वास्तविक रकममा बढाई अगावै पेश्की भुक्तानी गर्न चाहेमा लिन सक्नेछ । यसरी समय-समयमा किस्ता तलब (कल) गरिएको रकम बढाई तत्काल पेश्की भुक्तान गरिएको रकमबापत कर्पोरेशनले वर्ष १ को ४ प्रतिशत नबढाई त्यस्तो शेयरवालालाई ब्याज दिन सक्नेछ । त्यसरी किस्ता तलब (कल) गरिएको रकममा बढाई भुक्तानी गरिएको रकममा लाभांश पाइनेछैन ।

२१. कुनै शेयरधनीको यस नियमावलीबमोजिम शेयर जफत गरिएपछि जफत हुनुभन्दा अघिसम्मको शेयर जुन शेयरधनीको नाममा कायम रहेको थियो, सो शेयरधनीलाई जफतसम्बन्धी पारित प्रस्तावको सूचना दिइनेछ र सो कुरा शेयर दर्ता किताबमा समेत चढाइनेछ ।

२२. त्यसरी जफत गरिएको शेयर कर्पोरेशनको सम्पत्ति ठहरिनेछ र सो शेयरलाई सञ्चालक समितिले आफूले उपयुक्त देखेबमोजिम बेचबिखन पुनः बाँडफाँड वा अरू किसिमबाट टुंग्याउन सक्नेछ ।

२३. शेयरधनीहरूले कर्पोरेशनलाई भुक्तान गर्नुपर्ने रकमबापत निजहरूको नाममा दर्ता रहेको शेयरहरू र त्यस्ता शेयरहरूको सम्बन्धमा समय-समयमा घोषित गरिने सबै लाभांशहरू उपर कर्पोरेशन सबैभन्दा पहिलो हक (लियन) रहनेछ । कर्पोरेशनलाई बुझाउनुपर्ने रकम चुक्ता नभई तत्सम्बन्धी शेयर र त्यसको लाभांशमाथि कसैको हक लाग्दैन ।

२४. त्यस्तो लियन लागू गर्न प्रयोजनको लागि समितिले आफूले उपयुक्त देखेबमोजिम आफ्नो लियन भएको शेयरहरू बिक्री गर्न सक्नेछ । तर कर्पोरेशनको बाँकी जुन रकमबापत सो शेयरउपर लियन रहेको छ सो रकम भुक्तानी गर्न म्याद नपुगेसम्म र त्यसरी बिक्री गर्ने बारेको निर्णयको लिखित सूचना त्यस्तो शेयरधनी वा निजको कानूनी प्रतिनिधिलाई नदिएसम्म र त्यस्तो सूचनाको मितिले १५ दिनसम्ममा त्यस्ता शेयरधनीहरूले भुक्तान गर्न बाँकी नराखेसम्म सो शेयर वा शेयरहरू बिक्री गर्न सकिनेछैन ।

२५. त्यस्तो शेयर बिक्रीबाट उठेको रकममध्येबाट कर्पोरेशनको लिनुपर्ने रकम भर्ना लिई बाँकी रहेको बचत रकम त्यस्ता शेयरधनी वा निजको कानूनी प्रतिनिधिलाई फिर्ता दिइनेछ ।

२६. माथि लेखिएबमोजिम जफत गरिएको कुनै शेयर वा लियन लागू गर्न कुनै शेयर बिक्री गरिएपछि समितिले खरिद गरी लिने व्यक्तिको नाममा सो शेयर रजिस्टर गराउन सक्नेछ । त्यसरी खरिद गरी लिने व्यक्तिले सो कारवाहीहरू नियमित रूपमा भएको नभएको र शेयर बिक्रीबाट आएको रूपैयाँ चाहिने काममा लगाएको नलगाएको विचार राख्न कर लाग्नेछैन । सो शेयर खरिद गर्ने व्यक्तिको नाम रजिस्टरमा चढेपछि सो बिक्रीको वैधताबारे कसैले प्रश्न उठाउन पाउनेछैन । सो शेयर बिक्रीबाट कसैलाई हानी-नोक्सानी हुन गएमा सो हानी-नोक्सानीको दाबी कर्पोरेशनउपर मात्र लाग्नेछ ।

२७. कर्पोरेशनले आफ्नो पूँजी शेयर जमानत लिई ऋण दिन वा सो शेयर खरिद गर्ने काममा लगाउन हुँदैन ।

## शेयर दाखिलखारिजः

२८. कर्पोरेशनको शेयर कानूनको रीत पुऱ्याई चल सम्पत्ति सरह हक छोडी दिन वा धितोबन्धक राख्न पाइनेछ । तर सञ्चालकहरूले सञ्चालक बन्नको निमित्त लिनुपर्ने शेयर पनि बाँकी नराखी धितोबन्धक वा हक छाडिदिएमा निजले सञ्चालक समितिबाट स्वतः राजीनामा गरेको मानिनेछ ।

२९. नियम २८ बमोजिममा शेयर धितोबन्धक दिएकोमा सो धितोबन्धक लिने वा शेयरका हक छोडी लिएकोमा सो लिने व्यक्तिले सो व्यहोरा कर्पोरेशनको स्रेस्तामा जनाउनको निमित्त सम्बन्धित लिखितको एकप्रति र सो शेयरको प्रमाण-पत्र साथै राखी कम्पनी ऐनमा तोकिएको ढाँचाको दरखास्त कर्पोरेशनको रजिस्टर्ड अफिसमा दाखिल गर्नुपर्छ । तर कम्पनीको संस्थापकले लिएको शेयर निजले कम्पनीको प्रथम साधारण सभा नभएसम्म र त्यस्तो  शेयरको रकम चुक्ता नगरेसम्म हक छाडिदिन वा धितोबन्धक राख्न पाउनेछैन ।

३०. माथि नियम २९ बमोजिम दरखास्त परेमा सो दरखास्त दाखिल भएपछि कर्पोरेशनमा कुनै उजुर नपरेमा नियमानुसार शेयर दाखिलखारिज गरिने वा धितोबन्धक जनाइनेछ ।

३१. माथि लेखिएबमोजिम शेयर वन्धक रहेको कुरा स्रेस्तामा जनाउन वा शेयर दाखिल खारिज गर्न निमित्त दरखास्तवालाले कर्पोरेशनलाई रू. ५।- दस्तुर वझाउनुपर्छ । यसरी दाखिलखारिज दर्ता गर्दा शेयर किताबमा सञ्चालक समितिबाट अधिकृत प्रतिनिधिको समेत दस्तखत रहनुपर्छ ।

३२. नामसारीसम्बन्धी लिखित गर्दा सो लिखितमा धितोबन्धकी लिनेदिने वा नामसारी दुवै पक्षको मन्जुरीको निस्सा लगाई

दुवैको दस्तखतको साथ साक्षीहरूको दस्तखतसमेत परेको हुनुपर्छ। दर्ता किताबमा नामसारी लिनेको नाम नचढेसम्म साविक शेयरवाला नै सो शेयरको धनी मानिनेछ।

३३. देहायको अवस्थामा कर्पोरेशनले कुनै शेयरको नामसारी वा धितोबन्धकी दर्ता गर्न इन्कार गर्न सक्नेछ :

क) शेयरबापतको पूरा रूपियाँ भुक्तानी नगरिएको भएमा,

ख) नियम ३० बमोजिम पठाउनुपर्ने लिखत तथा शेयर प्रमाण-पत्र दरखास्त साथ पेस हुन नआएमा,

ग) सञ्चालक समितिको विचारमा दाखिलखारिज गरी लिनेलाई शेयरवाला गर्न उचित नलागेमा र यसरी उचित नलागेको खोल्न सञ्चालक समितिलाई कर लाग्नेछैन।

घ) नियम ३१ बमोजिम दस्तुर दाखिल नगरेमा।

३४. नेपालको प्रमुख पत्रपत्रिकाहरूमा सात दिनअगावै सूचना प्रकाशित गराई एक वर्षमा ४५ दिनमा नबढाई एकपटक बढीमा तीन दिनसम्म कर्पोरेशनले शेयरवालाको दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ।

३५. कुनै शेयरधनी मरेमा निजको कानूनी प्रतिनिधिलाई मात्र सो मृत व्यक्तिको नाममा रजिस्टर भइराखेको शेयरको हकदार मानिनेछ। कुनै शेयर विभिन्न शेयरहोल्डरहरूको नाममा संयुक्त रूपको रजिस्टर भइराखेकोमा तीमध्ये कुनै एक जनाको मृत्यु हुन गएमा बाँकी साझेदारहरूलाई मात्र कर्पोरेशनले सो शेयरको हकदार मान्नेछ।

३६. कुनै शेयरको धितोबन्धक रहेको कुरा दर्ता किताबमा जनाउन वा शेयर वा डिबेन्चर दाखिल खारेज गर्न इन्कार गर्दा निवेदन परेको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना शेयर धितोबन्धक वा खरिद बिक्री गरी लिने दिने दुवैमा दिइनेछ।

३७. कुनै शेयरवाला मरी वा निजले आफ्नो जायजेथा साहूलाई दामासाही गराई वा अरू कुनै व्यहोराले निजको शेयरमा प्रचलित नेपाल कानूनबमोजिम अरू कसैको अन्तिम ठहर भै हक हुन आएमा सो कुराको सबुतसाथ सोबमोजिम हक प्राप्त भएको व्यक्तिले कर्पोरेशनमा दरखास्त दिएमा नियम ३३ को अधिनमा रही सो शेयर निजको नाममा दाखिलखारिज गरिनेछ।

३८. कर्पोरेशनले साधारण सभामा विशेष प्रस्ताव पास गरी तथा सम्बन्धित विभागको स्वीकृति लिई आफ्नो शेयर पूँजी बढाउन सक्नेछ। यसरी पूँजी बढाउने कुरा स्वीकृति भई पूँजी बढाउन नयाँ शेयर बिक्री गर्न वा भइरहेको शेयरको मूल्य वृद्धि गर्न परेमा सोसम्बन्धी कर्पोरेशनको विवरण-पत्र प्रकाशित गराई र सो कुराको सूचना १५ दिनभित्र सम्बन्धित विभागलाई समेत दिनुपर्छ।

३९. नियम ३८ अनुसार नयाँ निष्कासन गरिएका शेयरहरू किन्ने पहिलो हक कर्पोरेशनको शेयरवालाहरू र कर्पोरेशनमा काम गर्ने मजदुर तथा कर्मचारीहरूको रहनेछ। त्यसरी शेयर बिक्री गर्दा कम्तीमा १५ दिनको म्याद तोकी कर्पोरेशनको शेयरवाला, मजदुर तथा कर्मचारीलाई सूचना दिइनेछ। शेयर बिक्रीसम्बन्धी प्रकाशित सूचनामा तोकिएको म्यादभित्र शेयरवाला, मजदुर तथा

कर्मचारीहरूले नलिई बाँकी भएका शेयरहरू कर्पोरेशनले अरूलाई बिक्री गर्न सक्नेछ ।

४०. कर्पोरेशनले साधारण सभामा विशेष प्रस्ताव पास गरी तथा सम्बन्धित विभागको स्वीकृति लिई कम्पनी ऐन २०५३ को दफा ४३ बमोजिम गरी आफ्नो शेयर पूँजी घटाउन सकिनेछ ।

### ऋण लिने अधिकारः

४१. कम्पनी ऐनअनुसार आवश्यक स्वीकृति लिई समितिको तजबीजले कर्पोरेशनको प्रयोजनको निमित्त आवश्यक ऋण सञ्चालकहरू, बैंक कम्पनी, व्यक्ति वा संस्थाहरूबाट जमानत वा विना जमानतमा लिन सक्नेछ तर सञ्चालकहरूबाट कुनै ऋण लिइएको भए त्यसपछि हुने साधारण सभामा दिइने अध्यक्षको प्रतिवेदनमा त्यस कुराको विशेष उल्लेख गरिनु पर्दछ ।

### जगेडा तथा डिप्रिसिएसन कोषः

४२. समितिले समय-समयमा लाभांश सिफारिस गर्नुअघि कर्पोरेशनको कारोबार नियमितरूपले र कुशलतापूर्वक चलाउन आकस्मिक खर्च चलाउने, डिबेन्चर ऋण र कर्पोरेशनका अरू दायित्वहरू पूरा गर्न लाभांश बराबर गर्न कर्पोरेशनको लगानीमा हुने डिप्रिसिएसन पूर्ति गर्न कर्पोरेशनको भवन, अरू सम्पत्तिहरू बढाउन, मर्मत गर्न, हेरफेर गर्न कर्पोरेशनको हितको लागि आवश्यक देखमा अरू प्रयोजनहरूको निम्ति कर्पोरेशनले मुनाफाको उपयुक्त अंश जगेडा तथा डिप्रिसिएसन कोषको निम्ति अलग छुट्याउन सक्नेछ र कोषको रूपियाँ बैंक तथा कर्पोरेशनलाई फाइदा हुने असल सेक्युरिटीमा लगानी गर्न सक्नेछ तर ह्रास कट्टी कोषबाट खर्च गर्दा जुन वस्तुको निमित्त ह्रास कट्टी भएको सो रकम सोही वस्तुमा बाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

### साधारण सभाः

४३. कर्पोरेशनको आर्थिक साल समाप्त भएको मितिले ६ महिनाभित्र वार्षिक साधारण सभा गरिनेछ ।

४४. प्रारम्भिक साधारण सभा वार्षिक साधारणसभा बाहेक अरू सबै साधारण सभालाई विशेष साधारण सभा मानिनेछ । कर्पोरेशनको चुक्ता पूँजीको कम्तीमा दस प्रतिशत शेयर लिने शेयरवालाहरूले वा शेयरवालाहरूको जम्मा सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरवालाहरूले कारण खोली विशेष साधारण सभा गराउन कर्पोरेशनको रजिस्टर्ड अफिसमा दरखास्त पठाई माग गरेमा सञ्चालक समितिले कर्पोरेशनको विशेष साधारण सभा बोलाउनु पर्छ । समितिले आवश्यक देखेमा जुनसुकै बखत पनि विशेष साधारण सभा बोलाउन सक्नेछ ।

४५. कर्पोरेशनको प्रारम्भिक साधारण सभा वा वार्षिक साधारण सभा गर्नको निमित्त कम्तीमा २१ दिन अगावै र विशेष साधाराणसभा

गर्न कम्तीमा १५ दिनअगावै प्रत्येक शेयरवालालाई सूचना दिइनेछ। त्यस्तो सभासम्बन्धी प्रत्येक सूचनामा सभा हुने ठाउँ, मिति र छलफल हुने विषयसमेत उल्लेख गरिनेछ। सो कुराको सूचना नेपालको प्रमुख पत्र-पत्रिकाहरूमा पनि प्रकाशित गराइनेछ। शेयरवालाहरूलाई पठाइएको सूचना संयोगवश कुनै शेयरवालाकहाँ नपुगेमा साधारण सभाको कार्यविधि वा सो सभामा पास भएको प्रस्ताव बदर हुनेछैन।

४६. विशेष प्रस्तावसमेत पेस गर्ने भनी बोलाइएको साधारण सभामा विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरवालाहरूमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरवालाले प्रस्तावको पक्षमा मत दिएमा सो प्रस्ताव सभाद्वारा स्वीकृत भएको मानिनेछ।

## साधारण सभाको कार्यविधि:

४७. नाफा-नोक्सानको हिसाब, वासलात, समिति र लेखापरीक्षकको रिपोर्ट लिने र त्यसउपर विचार गर्ने, सञ्चालकहरू लेखापरीक्षकहरू (अडिटरहरू) नियुक्त गर्ने र तिनीहरूको मेहनताना ठेक्ने, लाभांश घोषित गर्ने इत्यादि कार्यहरू गर्ने काम वार्षिक साधारण सभाको हुनेछ।

४८. कर्पोरेशनका कुल शेयर सङ्ख्याको सतसट्ठी प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरवालाहरूमध्ये सात जना शेयर वालाहरू स्वयं वा आफ्ना प्रतिनिधिद्वारा उपस्थित नभई सभाको काम कारवाही हुनेछैन।

४९. नियम ४८ बमोजिमको सङ्ख्यामा शेयरवालाहरू उपस्थित नभएकोले सभा हुन नसकेकोमा कम्तीमा सात दिनको सूचना दिई अर्कोपटक सभा बोलाउँदा कुल शेयर सङ्ख्याको तेत्तीस प्रतिशत शेयर प्रतिनिधित्व हुने गरी सात जना शेयरवालाहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन।

५०. १) प्रत्येक साधारण सभामा समितिको अध्यक्षले सभापतित्व गर्नेछन्। निजको अनुपस्थितिमा अन्य कुनै सञ्चालक वा उपस्थित शेयरवालामध्येबाट एक जना सभापति रोजिनेछन्।

२) प्रत्येक साधारण सभा सुरु हुनुभन्दा अगावै सभामा उपस्थित शेयरवालाहरूले सो सभा कम्पनी ऐन र यो नियमावलीबमोजिम बोलाइएको हो वा होइन भन्ने कुरा यकिन गर्नेछन्। र त्यस सम्बन्धमा कुनै कानूनको पालना नगरिएको भए पनि नियम ४६ वा नियम ४८ वा नियम ४९ बमोजिम गणपूरक सङ्ख्या पुगेको सभाले सभा गर्न मन्जुर गरेमा सो साधारण सभा रीतपूर्वक बोलाइएको मानिनेछ।

३) साधारण सभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेस गर्नुपर्नेछ।

५१. सभामा निर्णयको निमित्त राखिएको प्रत्येक प्रस्तावमा प्रथमतः हात उठाएर निर्णय गरिनेछ । शेयरवालाहरूमा राय बाँफिन गई मत बराबर हुन गएमा हात उठाई वा मतदान नै गरिएको भए तापनि सभाका सभापतिले शेयरधनीको हैसियतमा आफूले दिन पाउने एक वा एकभन्दा बढी मतहरूको अतिरिक्त निर्णयात्मक मत दिन पाउनेछन् ।

५२. मतदान गरी मत लिन माग गरिएमा बाहेक कुनै प्रस्ताव हात उठाएर सर्वसम्मतिबाट वा बहुमतबाट पास भएको वा अस्वीकृत भएको कुरा सभाका सभापतिले घोषणा गरी सोको निमित्त राखिएको किताप निर्णय बही (माइन्युट बुकमा) चढाई सभापति र सो सभाद्वारा नियुक्त गरेको कम्तीमा एक जना सञ्चालक र एक जना शेयरवालाले दस्तखत गरेपछि सो कुराको अन्तिम प्रमाण ठहरिनेछ ।

५३. शेयरवालाहरूमध्ये कमसेकम ५ प्रतिशत शेयर लिने शेयरवालाहरूले मतदान गरेर नै मत लिने माग गरेमा त्यस्तो मतदान सभाका सभापतिले निर्देशन गरेबमोजिमको तरिका, समय र स्थानमा लिइनेछ र सो मतदान नतिजा सभाको प्रस्ताव मानिनेछ । जुन विषयमा मतदान गर्न माग गरिएको छ सो विषयबाहेक अरू काम कार्यहरू त्यस सभामा सम्पादन गर्न रोकिनेछैन ।

५४. १) मतदान गर्दा आफैं उपस्थित भई वा प्रतिनिधिद्वारा शेयरवालाले आफूले लिएको शेयरको निमित्त एउटा मत दिन पाउने छन् । तर आफूले लिएको शेयरको मोलको दामासाहीले सञ्चालक नियुक्त गर्न पाउने सुविधा पाएको कुनै सङ्गठित संस्था वा श्री ५ को सरकारले निजी क्षेत्रका सञ्चालक पदका रिक्त स्थानका लागि हुने निर्वाचनमा भाग लिन पाउनेछैन ।

२.) मतदान गरिएको प्रत्येक विषयमा सभाको बहुमतको रायलाई सो सभाको निर्णय मानिनेछ । मतदान हुँदा पक्ष र विपक्षमा मत बराबर भएमा सभापतिले निर्णयात्मक मत दिन सक्नेछन् । तर विशेष प्रस्तावको हकमा कम्पनी ऐन २०५३ को दफा ६१(३) को अधिनमा रही सभामा उपस्थित शेयरवालाहरूमध्ये पहचत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरवालाले प्रस्तावको पक्षमा मत दिनमा मात्र सो प्रस्ताव सभाद्वारा स्वीकृत भएको मानिनेछ ।

५५. मगज बिग्रेको शेयरवालाको हकमा निजको अभिभावाकले मत दिन पाउनेछन् ।

५६. साझा गरी एक जना भन्दा वढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्ता साझेदारहरूद्वारा मनोनीत गरिएको साझेदारले वा निजले मनोनीत गरेको प्रतिनिधिले र सोबमोजिम कुनै साझेदार मनोनीत हुन नसकेमा ती साझेदारहरूको दर्ता किताबमा जसको नाम क्रमानुसार सवभन्दा अघि लेखिएको छ निजले मात्र सभामा आफैं उपस्थित भई वा प्रतिनिधिद्वारा सो शेयरबापत मत दिन पाउनेछ ।

५७. सभामा आफैं उपस्थित हुन नसक्ने शेयरधनीले तोकिएको ढाँचाको प्रतिनिधि-पत्र (प्रोक्सी) दिएकोमा वा प्रतिनिधि नियुक्ति

गरेको त्यस्तो प्रतिनिधि-पत्र सभा सुरु हुनुभन्दा ४८ घण्टाअगावै कर्पोरेशनको प्रधान कार्यालयमा दाखिल गर्नुपर्छ । त्यसरी प्रतिनिधि भई आउने व्यक्तिसमेत कम्पनीको शेयरधनी हुनुपर्नेछ । तर सङ्गठित संस्थाको तर्फबाट प्रतिनिधित्व गरी आउने व्यक्ति कर्पोरेशनको शेयरधनी नै हुन आवश्यक पर्नेछैन ।

५८. प्रतिनिधि नियुक्त गर्ने व्यक्तिको मृत्यु भएमा वा प्रतिनिधि-पत्र खारिज गरिएमा त्यस्तो मृत्यु भएको वा प्रतिनिधि-पत्र खारिज भएको खबर सभा हुनुभन्दा अगावै कर्पोरेशनको अफिसमा लेखी नआएसम्म निज प्रतिनिधिले दिएको मत बदर हुनेछैन ।

५९. कुनै शेयरवालाले लिएको कुनै शेयरवापत कर्पोरेशनलाई भुक्तान गर्नुपर्ने कुनै रकम बाँकी भएसम्म उक्त शेयरवाला कुनै साधारण सभामा स्वयं उपस्थित भई वा प्रतिनिधिद्वारा वा अरू शेयरधनीको प्रोक्सी भई मत दिन पाउनेछैन र कोरमको प्रयोजनको निमित्त पनि त्यस्तो शेयरधनीको उपस्थितिको गणना गरिनेछैन । कुनै प्रकार निजले मतदान दिएमा सो पनि बदर हुनेछ ।

## सञ्चालक समिति:

६०. कर्पोरेशनको साधारण सभामा अन्यथा निर्णय गरेमा बाहेक समितिमा सञ्चालकहरूको सङ्ख्या ३ भन्दा घटी र ९ भन्दा बढी हुनेछैन ।

(क) कर्पोरेशनको सञ्चालक समितिमा शेयरको समानुपातिक हिसाबले श्री ५ को सरकार एवं नेशनल ट्रेडिङ्ग लिमिटेडको मनोनीत प्रतिनिधि रहनेछ ।

६१. श्री ५ को सरकारद्वारा र अन्य सरकारी संस्थानद्वारा मनोनीत सञ्चालकहरू बाहेक साधारण सभाद्वारा नियुक्त भएको सञ्चालकहरूको कार्यकाल चार वर्षको हुनेछ । कार्यकाल समाप्त भई सञ्चालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति सञ्चालक पदमा पुनः नियुक्त हुन सक्नेछन् ।

६२. क) सञ्चालक हुने व्यक्ति आफ्नो नाममा कर्पोरेशनको कमसेकम २०० (दुई सय) साधारण शेयर लिनुपर्छ ।

ख) तर २०० (दुई सय) शेयर लिएको कुनै संस्थानको प्रतिनिधि वा श्री ५ को सरकारद्वारा मनोनीत भई सञ्चालक भएकाहरूले उपनियम (क) बमोजिमको शेयर व्यक्तिगत रूपमा लिइरहनुपर्दैन ।

६३. समितिको बैठकमा भाग लिई गरेका सेवाबापत प्रत्येक सञ्चालकलाई र अध्यक्षलाई साधारण सभाबाट तोकिएबमोजिको रकम कर्पोरेशनको कोषबाट बैठक शुल्क दिइनेछ । नियमितरूपले समितिको बैठकमा भाग लिन वा कर्पोरेशनको काममा सो इलाकामा आउँदा निजले तत्सम्बन्धी कामको निमित्त बेहोर्नुपरेको भ्रमण तथा खाना खर्च उक्त बैठक भत्ताको अतिरिक्त यस समितिले दिन सक्नेछ ।

६४. पदावधि समाप्त नहुँदै कुनै पनि सञ्चालकलाई कर्पोरेशनको साधारण सभाले २/३ बहुमतद्वारा अविश्वासको प्रस्ताव पास गरी हटाउन सक्नेछ र निजको स्थानमा अर्को व्यक्ति नियुक्त गर्न सक्नेछ। यसरी नियुक्त भएको सञ्चालक आफ्नो साविकवालाको बाँकी अवधिसम्म बहाल रहनेछ।

६५. क) सञ्चालक समितिमा कुनै सदस्यता आकस्मिक रिक्त भएमा उक्त स्थानका पूर्ति सञ्चालक समितिद्वारा गरिनेछ। यसरी मनोनीत भएको सञ्चालक वार्षिक साधारण सभा नभएसम्म मात्र बहाल रहनेछ।

ख) कुनै सञ्चालकको पद बीचमा रिक्त भई यस नियमावलीबमोजिम सो पदमा साधारण सभाद्वारा नियुक्त भएको सञ्चालकको कार्यकाल सो सञ्चालक जुन सञ्चालकको पद रिक्त भई नियुक्ति भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ।

६६. क) मतदान गर्ने अधिकार प्राप्त सञ्चालकको जम्मा सङ्ख्याको ५१ प्रतिशत सञ्चालकहरू उपस्थित भएमा समितिको बैकको निमित्त गणपूरक सङ्ख्या(कोरम) पुगेको मानिनेछ।

ख) एक वर्षमा कम्तीमा ६ पटक सञ्चालक समितिको बैठक बोलाइनेछ। तर २ बैठकको बीचको अवधि ३ महिनाभन्दा बढी हुनेछैन। समितिको सभापतिले जुनसुकैबखत पनि समितिको बैठक बोलाउन सक्नेछ।

ग) सञ्चालक समितिको बैठकमा सञ्चालकहरू स्वयं उपस्थित हुनुपर्छ। सञ्चालकको सट्टा सञ्चालकको प्रतिनिधिको उपस्थिति मान्य हुनेछैन।

६७. समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछन्। समितिका अध्यक्षको पद कायम नरहेमा वा अध्यक्ष उपस्थित नभएमा सञ्चालकहरूले आफूमध्ये एक जनालाई सो बैठकको अध्यक्ष छान्नेछन्।

६८. समितिको बैठकमा उठेको प्रश्नहरूमा राय बाझिन गएमा बहुमतद्वारा निर्णय गरिनेछ र मत बराबर भएमा अध्यक्षले अर्को वा निर्णयात्मक मत दिन पाउनेछन्।

६९. सञ्चालकहरूले सही छाप गरी लिएको लिखित प्रस्तावलाई रीतपूर्वक बोलाइएको समितिको बैठकमा पास भएको प्रस्तावसरह तत्काल मान्यता दिइनेछ तर यस्ता प्रस्तावहरू सञ्चालक समितिको रीतपूर्वक बैठकमा समर्थन गराइनु पर्दछ।

७०. समितिले समय-समयमा आफूहरूमध्ये शेयरधनीहरूको एक वा एकभन्दा बढी सञ्चालकहरू र कर्पोरेशनका अफिसरहरू भएका उपसमिति आफूले उचित देखेबमोजिम गठन गर्न र आफ्नो कुनै अधिकार उक्त उपसमितिलाई सुम्पन र समय-समयमा त्यसरी सुम्पिएका अधिकार फिर्ता लिन सक्नेछ। त्यसरी गठन गरिएको उपसमितिले त्यसरी आफूलाई सुम्पिएको अधिकार प्रयोग गर्दा समितिले समय-समयमा बनाएको नियमबमोजिम चल्नुपर्छ।

**सञ्चालक पदमा नियुक्ति हुन वा बहाल रहन नसक्ने अवस्थाः**

७१. देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालक पदमा नियुक्ति हुन वा सो पदमा बहाल रहन सक्नेछैन ।

- क) २१ वर्ष उमेर नपुगेको,
- ख) मगज बिग्रेको
- ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,
- घ) कुनै प्रकारको चोरी वा ठगी गरेको वा आफ्ना जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको, वा
- ङ) सम्बन्धित कर्पोरेशनको कुनै ठेक्कापट्टि वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएको,
- च) उचित कारण नखोली सञ्चालक समितिलाई जनाउ नदिई लगातार तीनपटक सो समितिको बैठकमा अनुपस्थित भएमा ।
- छ) सम्बन्धित विभाग वा सञ्चालक समितिलाई बराबर अटेर गरेमा,
- ज) साधारण सभाको दुई तिहाई बहुमतले निजलाई सञ्चालकको पदबाट हटाउने प्रस्ताव पास गरेमा,
- झ) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,
- ञ) कर्पोरेशनका काम कारवाहीमा बेइमानी वा बदनियती गरेका कुरा अदालतबाट प्रमाणित भएमा, वा
- ट) कम्पनी ऐनबमोजिम सञ्चालकको पदबाट झिकिने अरू कुनै कसुर गरेमा,
- ठ) कम्पनी ऐन २०५३ को दफा ७३(१) र दफा ७३(२) को प्रावधानबमोजिमका अवस्थाहरूमा कुनै व्यक्ति सञ्चालकको पदमा नियुक्ति हुन वा बहाल रहन सक्नेछैन ।

**सञ्चालक समितिको अधिकारः**

७२. कर्पोरेशनको व्यवसायको सञ्चालन तथा रेखदेखको समस्त अभिभारा सञ्चालक समितिमा रहनेछ । साधारण सभाबाट निर्णय गराउनुपर्ने कुराहरूबाहेक निम्नबमोजिमको अधिकारसमेत सञ्चालक समितिले प्रयोग गर्न पाउनेछ ।

१. कर्पोरेशनले प्राप्त गर्ने अधिकार भएको कुनै सम्पत्ति, हक वा सुविधाहरू उचित देखको मूल्य, शर्त बन्देजहरूमा खरिद गर्ने वा अरू तरिकाबाट प्राप्त गर्ने,

२. कर्पोरेशनले प्राप्त गरेको कुनै सम्पत्ति हक वा सुविधाहरूको निमित्त वा आंशिकरूपमा कर्पोरेशनको नगद रूपैयाँ दिने वा शेयर डिबेन्चर र अरू सेक्युरिटी दिने,

३. कर्पोरेशनको सम्पत्तिको सबै वा केही अंश धितो राखी यो उचित देखेको अरू तरिकाबाट कर्पोरेशनले लिएको कुनै ठेक्कापट्टा वा गरेका सम्झौताको पूरा गर्ने गराउने,

४. समय-समयमा आफूले उचित देखेबमोजिम स्थायी वा अस्थायीरूपमा कार्य सञ्चालक (डाइरेक्टर इन्चार्ज) मेनेजर, सेक्रेटरी एकाउन्टेन्ट अफिसर, एजेन्ट अन्य कर्मचारी नियुक्त गर्ने गराउने वा सस्पेन्ड गर्ने तिनीहरूको कर्तव्य अधिकार निर्धारित गर्ने र तलब, भत्ता, बोनस, अनुदान इत्यादि ठेक्ने दिने दिलाउने,

५. कर्पोरेशन वा त्यसको पदाधिकारीको तर्फबाट वा विरुद्ध वा कर्पोरेशनको कारोवारसँग सम्बन्ध भएका मुद्दा मामिला चलाउने, मिलापत्र गर्ने, राजीनामा गर्ने प्रतिरक्षा गर्ने । कर्पोरेशनले दिनुपर्ने वा लिनुपर्ने ऋण पूरा गर्न म्याद दिने लिने,

६. कर्पोरेशनको तर्फबाट वा विरुद्धमा गरेको दाबी वा मागहरूलाई मध्यस्थछेउ पठाउने र त्यसबाट भएको निर्णय पालन गर्ने,

७. कर्पोरेशनलाई तिरेको वा तिर्नुपर्ने रूपियाँ वा कर्पोरेशनको दाबी वा माग पूरा भएबापत भरपाई फरफारक र अरू छुट्कारा दिने,

८. कर्पोरेशनको तर्फबाट बिल, सूचना रसिद, भरपाई, चेक फरफारक, दरपीठ, सकारनामा, ठेक्कापट्टा र अरू लिखितहरूमा हस्ताक्षर गर्ने व्यक्तिहरू निर्धारित गर्ने,

९. कर्पोरेशनको प्रयोजनको लागि आफूहरूमध्ये कसैलाई उचित देखेबमोजिमको अधिकार सुम्पने र अरू कुनै व्यक्तिलाई वारिस नियुक्त गर्ने, तिनीहरूलाई सो कामबाट हटाउने,

१०. कर्पोरेशनको जायजेथा जिम्मा लिने व्यक्ति नियुक्त गर्ने,

११. कर्पोरेशनको कामको लागि तत्काल आवश्यक नभएकोले पूँजीलाई सेक्युरिटीहरूमा उचित देखेबमोजिम लगानी गर्ने र यसरी लगानी गरिएको पूँजीलाई समय-समयमा थपघट वा असुल उपर गर्ने,

१२. नेपालभित्र तथा बाहिर कर्पोरेशनको व्यवसायको प्रबन्धको निम्ति उचित देखेको शर्त तथा अधिकारहरू तोकी एजेन्ट नियुक्त गर्ने,

१३. कर्पोरेशन, कर्पोरेशनको पदाधिकारी या कर्मचारीहरू या सदस्यहरू या कुनै विभागको व्यवसायलाई व्यवस्थित गर्नको लागि समय-समयमा उपनियमहरू बनाउने संशोधन गर्ने तथा रद्द गर्ने,

१४. बैंकहरूमा कर्पोरेशनको खाता खोल्ने र कर्पोरेशनको व्यवसाय चलाउन आवश्यक बिल अफ एक्सचेन्ज, प्रमिसरी नोट, हुन्डी, चेक, ड्राफ्ट र अरू लिखतहरू काट्ने, स्वीकार गर्ने, सही गर्ने वा सो कामको निम्ति कर्पोरेशनका कुनै व्यक्तिलाई लिखित अधिकार प्रदान गर्ने ।

१५. यसअघि लेखिएका कुनै कुराको सम्बन्धमा वा कर्पोरेशनको प्रयोजनार्थ उचित देखेबमोजिम कर्पोरेशनका नाममा वा कर्पोरेशनको तर्फबाट सबै सम्झौता गर्ने, ठेक्का लिने दिने, पट्टाहरूलाई रद्द गर्ने, संशोधन गर्ने, अरू कुनै काम कारवाही गर्ने ।

१६. कम्पनी ऐन २०५३ र यस नियमावलीमा लेखिएका कुराहरू र साधारण सभाको निर्णयको अधीनमा रही कम्पनीको सम्पूर्ण कारोवारको प्रबन्ध अधिकारहरूको प्रयोग र कर्तव्यको पालन सञ्चालक समितिले गर्नेछ ।

## सभाको कार्यविधि र प्रस्ताव (निर्णयबही):

७३. सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषयहरू र तत्सम्बन्धी भएको निर्णयको बही (माइन्युट) छुट्टै लेखाइराख्नुपर्छ । त्यस्तै साधारण सभाको निर्णय विवरण (माइन्युट) पनि सो कामको निमित्त राखिएको बहीमा रीतपूर्वक लेखाइराख्नुपर्छ। सो सभाको निर्णयबहीमा सो सभाको सभापति र सो सभाद्वारा नियुक्ति गरिएको कम्तीमा एक जना सञ्चालक र एक जना शेयरवालाको दस्तखत परेको छ भने ती (माइन्युटमा) निर्णय भएका कुराहरूको सबुत प्रमाण मानिनेछ ।

७४. कम्पनीको छाप: कर्पोरेशनको छाप कम्पनी सचिव वा सञ्चालक समितिबाट अधिकार पाएको सञ्चालक वा प्रबन्धकको जिम्मामा रहनेछ । कर्पोरेशनको तर्फबाट जारी हुने लिखतमा कर्पोरेशनको छाप लगाइनेछ ।

## स्याहा स्रेस्ता

७५. सञ्चालक समितिले कर्पोरेशनको कारोवारको वास्तविक दुरुस्त स्थिति देखिने गरी नेपालीमा रीतपूर्वक स्याहा स्रेस्ता राख्न लगाउनु पर्छ ।

७६. कर्पोरेशनको स्याहा स्रेस्ता खाता बहीहरू कर्पोरेशनको रजिस्टर अफिसमा राखिनेछन् र अफिसको समयमा सञ्चालकहरूद्वारा निरीक्षणको लागि खुला रहनेछन् ।

७७. सञ्चालकदेखि बाहेकका शेयरधनीहरूले कर्पोरेशनका हरहिसाब खाता बहीहरू निरीक्षण गर्न खोजेमा कहाँ, कहिले, कतिसम्म हिसाबहरू कुन नियम शर्त बन्देजहरूमा तिनीहरूलाई देखाउने हो सञ्चालक समितिले बराबर ठहराउनेछन् । साधारण सभाको अख्तियार सञ्चालक समितिको स्वीकृत वा ऐनसवालले हेर्न पाउने विषयबाहेक कर्पोरेशनको हिसाब खाता बहीहरू शेयरवालाहरूलाई निरीक्षण गर्ने अधिकार रहनेछैन । कर्पोरेशनको हितको निम्ति गोप्य राख्नुपर्ने कुनै कुरा रहेछ भने त्यस्तो कुराहरू निजहरूलाई देखाउन कर लाग्नेछैन ।

**लेखापरीक्षक (अडिटर):**

७८. कमसेकम सालको एकपटक कर्पोरेशनको स्याहा स्रेस्ता हर-हिसाब एक वा एकभन्दा बढी लेखापरीक्षकहरूले जाँची बैलेन्ससिट र नाफा-नोक्सानको हिसाब ठीक भए नभएको ठहराउनेछन् ।

७९. कर्पोरेशनको लेखापरीक्षक महालेखापरीक्षकको विभागबाट प्रमाण-पत्र पाई कायम रहेको लेखापरीक्षकमध्येबाट साधारण सभाद्वारा नियुक्त गरिनेछ । त्यसरी नियुक्ति भएको लेखापरीक्षक आगामी वार्षिक साधारण सभासम्म मात्र बहाल रहनेछ ।

८०. लेखापरीक्षकको पदमा कुनै आकस्मिक रिक्तता आइपेरमा रिक्त स्थानको पूर्ति सञ्चालक समितिद्वारा हुनेछ । तर त्यसरी नियुक्त गरिएको लेखापरीक्षकहरूलाई सम्बन्धित विभागबाट सदर गराउनु पर्छ ।

८१. लेखापरीक्षकहरूको मेहनताना कर्पोरेशनको साधारण सभाले निर्धारित गर्नेछ । तर रिक्त पूर्ति गर्न नियुक्त गरिएका लेखापरीक्षकहरूका मेहनताना समितिबाटै निर्धारित हुनेछ ।

**मुनाफा:**

८२. वार्षिक साधारण सभामा शेयरवालाहरूलाई बाँडिने लाभांश ठेकिनेछ । तर सञ्चालक समितिले बाँड्न सिफारिस गरेको लाभांशभन्दा बढी बाँडिनेछैन ।

८३. कर्पोरेशनको नाफाबाट शेयरधनीहरूलाई लाभांश बाँडिनेछ र भुक्तान नलिइएको लाभांशमा ब्याज दिइनेछैन ।

८४. किस्ता तलबबापत कुनै शेयरवाला कम्पनीप्रति ऋणी भएमा निजलाई दिनुपर्ने लाभांश कर्पोरेशनले रोकी लिन पाउनेछ ।

८५. कर्पोरेशनको अवस्था विचार गरी समितिको तजबिजले बीचबीचमा पनि लाभांश बाँड्न सकिनेछ । तर त्यसको समर्थन साधारण सभाद्वारा गराइनुपर्छ ।

८६. लाभांश घोषित गर्दा दर्ता किताबमा शेयर जसको नाममा कायम छ निज नै लाभांशका हकदार मानिनेछन् ।

८७. साझेदार शेयरधनीहरूमध्ये जुनसुकैले लाभांश बुझी रसिद दिएको सदर हुनेछ ।

८८. शेयरवालाले पाउने लाभांशका पूर्जा तिनीहरूको दर्ता गरिएको ठेगानामा पठाइनेछ । साझा गरी शेयर लिएकोमा साझेदारहरूमध्ये जसको नाम कर्पोरशेनको रजिस्टर्डमा सबभन्दा अघि लेखिएको छ, उसैको ठेगानामा पठाइनेछ ।

८९. बाँडिएको लाभांश १ वर्षसम्म लिन नआएमा समितिको तजबिजले सो कर्पोरेशनको काममा लगाउन सकिनेछ । ५ वर्षसम्म पनि हकदार खडा हुन नआएमा सो मुनाफामा रकम के गर्ने भन्ने कुरा साधारण सभाको अधिकारमा रहनेछ ।

९०. सूचना प्रत्येक शेयरधनीले कर्पोरेशनको अफिसमा आफ्नो ठेगाना दर्ता गराउनु पर्छ । कर्पोरेशनले शेयर धनीहरूलाई पठाउने सूचना मानिस वा हुलाकद्वारा सोही ठेगानामा पठाइनेछ ।

९१. हुलाकद्वारा पठाइएको सूचना जुन दिन हुलाकमा चलान भएको हुलाकको सामान्य व्यवस्थाअनुसार पत्र पाउने बेलादेखि नै सूचना लागू भएको मानिनेछ ।

९२. ठेगाना दर्ता नभएको प्रत्येक शेयरधनीलाई कर्पोरेशनको रजिस्टर्डमा अफिस रहेका इलाकामा पत्रपत्रिकाहरूमा सूचना जुन दिन छापिन्छ, सोही दिन तामेल भएको ठहरिनेछ ।

९३. कर्पोरेशनको कार्यकुशलता व्यापार वृद्धि गर्न, विकास गर्ने आर्थिक साधनको स्रोत बढाउन र कर्पोरेशनले उद्योगधन्दाहरू लिन नेपालका प्रमुख व्यापार केन्द्रहरूको प्रतिनिधित्व हुने गरी आफ्नो शेयरवालाहरूमध्येबाट साधारण सभाले ७ जनामा नबढाई सल्लाहकारहरू मनोनीत गर्नेछ ।

## दायित्वको पूर्ति:

९४. सञ्चालक मेनेजर अरू कर्मचारीबाट कर्पोरेशनको कारोबारको सिलसिलामा वा आफ्नो कर्तव्य पालना गर्दा भएको व्यय भ्रमण तथा अन्य खर्च हानी तथा दायित्व निजहरूले बेइमानी वा जानीजानी वा व्यवस्था गरेका कार्यबाट भएको रहेनछ भने कर्पोरेशनको कोषबाट पूर्ति गरिनेछ ।

## कम्पनीको खारेजीमा दायित्व भुक्तानी:

९५. कर्पोरेशनको खारेजीमा दायित्व भुक्तानीसम्बन्धी व्यवस्था कम्पनी ऐन २०५३ को दफा १०९ बमोजिम हुनेछ ।

## कम्पनी सचिवको नियुक्ति:

९६. कर्पोरेशनमा देहायका काम गर्न कानून, व्यवस्थापन वा वाणिज्य विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी पाँच वर्षसम्म व्यवसायिक कार्य गरेको नेपाली नागरिकलाई कम्पनी सचिव पदमा नियुक्ति गरिनेछ । सञ्चालक समिति र साधारण सभाद्वारा गरिएका निर्णयहरू र कार्यालय वा सम्बन्धित निकायहरूद्वारा निर्देशित कुराहरू कार्यान्वय गर्नु गराउनु तथा कम्पनी ऐन २०५३ र प्रचलित कानूनबमोजिम कम्पनी कार्यालय वा अन्य कुनै निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथा समयमा पेस गर्नु कम्पनी सचिवको कर्तव्य हुनेछ । सोका अतिरिक्त कम्पनी सचिवले देहायका कार्यहरू गर्नेछन् ।

क) सञ्चालक समितिको बैठक र साधारण सभा बोलाउने ।

ख) सञ्चालक समिति र साधारण सभामा छलफल गरिने विषयहरूको सूची तयार गरी सम्बन्धित सञ्चालक वा शेयरवालाकहाँ पठाउने ।

ग) सञ्चालक समिति र साधारण सभाको निर्णयहरूको अभिलेख राख्ने, प्रमाणित गर्ने, जिम्मा लिने तथा सम्बन्धित सञ्चालक वा शेयरवाला कहाँ पठाउने ।

घ) शेयरवालाहरूको दर्ता किताब र शेयरवाला तथा डिबेन्चरवालाहरूको लगत ठीक दुरुस्त राख्ने, जिम्मा लिने र प्रमाणित गर्ने ।

ङ) सञ्चालक समितिको निर्णयानुसार शेयर बाँडफाँडको सूचना तथा किस्ता तलबी सूचना पठाउने ।

च) शेयर, डिबेन्चरका धितो बन्धक जनाउने हस्तान्तरण वा दाखिला खारेज गर्न सञ्चालक समिति वा प्रबन्ध सञ्चालकसमक्ष पेस गर्ने ।

छ) शेयरवाला वा डिबेन्चवालाको दाबी, उजुरी गुनासो, सुझाव, सल्लाह आदि कुनै कुरा लिखितरूपमा पेश हुन आएमा सञ्चालक समिति वा प्रबन्ध सञ्चालक वा सम्बन्धित विभाग वा अन्य निकायहरू समक्ष पुर्‍याउने र सो सम्बन्धमा भए गरेको कारवाही नतिजा लिखितरूपमा सम्बन्धित शेयरवाला वा डिबेन्चरवालालाई दिने ।

(ज) सञ्चालक समितिले तोकेको अन्य काम गर्ने ।

झ) सचिवले आफू सो पदमा बहाल रहुन्जेल कर्पोरेशन र कर्पोरशेनका सहायक कम्पनीको शेयर आफ्नो वा परिवारको नाममा खरिद बिक्री गर्नु गराउन हुँदैन । यसरी खरिद बिक्री गरेको कुरा पछि थाहा हुन आएमा त्यस्तो शेयर सम्बन्धित विभागबाट जफत हुनेछ । तर त्यस्तो कम्पनी वा सहायक कम्पनीको पूँजी वृद्धि गर्न थप शेयर निस्कासन गरेको अवस्थामा त्यस्तो थप शेयर खरिद गर्न बाधा पर्ने छैन ।

ञ) साधारण सभाको निर्णय र सम्बन्धित विभागको स्वीकृतिबमोजिम बाहेक कम्पनी सचिवले कम्पनीसँग वा कम्पनीमार्फत् आफूलाई फाइदा हुने कुनै काम गर्नु गराउनु हुँदैन ।

**शेयर किनबेच तथा धितो बन्धकमा बन्देज :**

१७. कुनै पनि सञ्चालक, प्रबन्ध सञ्चालक, लेखापरीक्षक, कम्पनीको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्षरूपले संलग्न व्यक्ति र कम्पनी सचिवले आफू कर्पोरेशनमा बहाल रहेसम्म कर्पोरेशनको वा कर्पोरेशनका सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो नजिकको नातेदार वा आफ्नो वा आफ्नो नजिकको नातेदारको नियन्त्रणमा रहेको संघ-संस्था, फर्म वा कम्पनीको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन, राख्न दिन वा दान बकस, लिनदिन वा लिनदिन गर्न हुँदैन । तर कर्पोरेशन वा सहायक कम्पनीले नयाँ शेयर जारी गरेको अवस्थामा माथि उल्लेखित प्रतिबन्ध लागू हुनेछैन ।

# साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको
## प्रवन्धपत्रमा शंसोधन तथा थप

प्रवन्ध पत्रको दफा ६ को (क),(ख) मा शंसोधन एंव (ख) पछि (ग) थप गर्ने :

(क). अधिकृत पुंजि: कर्पोरेशनको अधिकृत पुंजि रु १००।–दरको १,००,००,००० (एक करोड) कित्ता शेयरमा बिभाजित रु १,००,००,००,०००।–(एक अरव) हुनेछ ।

(ख. जारी पूंजि : कर्पोरेशनको जारी पूंजि रु १००।– दरको १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा बिभाजित रु १,००,००,००,०००।–(एक अरव) हुनेछ ।

(ग). अग्राधिकार शेयर: कर्पोरेशनले अधिकृत पूंजि मध्येबाट प्रति शेयर रु १०० दरको २५,००,००० (पच्चिस लाख) कित्ता शेयरमा बिभाजित रु २५,००,००,०००।– (पच्चिस करोड) वरावरको अग्राधिकार शेयर कर्पोरेशनले उपयुक्त ठहराएका सर्तमा जारी गर्न सक्नेछ ।

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## प्रबन्धपत्रमा संसोधन तथा थप

प्रवन्धपत्रको दफा १, को नेपाली नामपछि अंग्रेजी नाम थप गर्न, दफा ४ (आ), (घ), (छ) र श्री ५ को सरकारको सट्टा नेपाल सरकार र कम्पनी ऐन २०५३ को सट्टा कम्पनी ऐन २०६३ भनी देहाय बमोजिम संसोधन दफा ४ को (छ) पछि (ज) थप गर्ने :

१. दफा १ : कम्पनीको नाम : साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड र अंग्रेजीमा STC Limited हुनेछ

२. दफा ४ (आ) : स्वदेश तथा बिदेशका बिभिन्न स्थानमा शाखा–प्रशाखा कार्यालयहरु खोल्ने, सञ्चालन गर्ने, स्वदेशी तथा बिदेशी कम्पनीहरुमा लगानी गर्ने, बिदेशमा कर्पोरेशनले कम्पनी दर्ता गराई ब्यापारिक कारोवार गर्ने, विदेशी कम्पनीसंग ज्वाईन्टभेन्चरमा काम गर्ने ।

३. दफा ४ (घ) : स्वदेशी तथा विदेशी विभिन्न प्रकारका वस्तुहरुको निकासी पैठारी र ब्यापार गर्ने । स्वदेशी र बिदेशी कम्पनी हरुको एजेन्ट र प्रतिनिधि भइ काम गर्ने । कृषि, वन पैदावर, हाईड्रो, रिन्युवेवल इनर्जी, विन्ड मिल, जेम्स, माइन्स, पैट्रोलियम लगायतका सबै प्रकारका ब्यापारिक वस्तुहरुको कारोवार गर्ने । उपरोक्त ब्यापारिक क्षेत्र एंव अन्य क्षेत्र, उपक्षेत्रलाई आवश्यक पर्ने आधारभूत आवश्यकताका क्षेत्र उपक्षेत्रको लागि आवश्यक पर्ने कलकारखाना मेसिनरी भेहिकल सर समान लगायत कच्चा पदार्थ अर्ध प्रशोधित पदार्थ र प्रशोधित पदार्थको आयात, निर्यात सङकलन बिक्री वितरण लगायत तत्सम्बन्धी आवश्यक संस्थाहरुको स्थापना विकास र बिस्तार गर्ने वा गर्न सहयोग पुऱ्याउने।

४. दफा ४ (छ) : कर्पोरेशनले स्वदेश तथा विदेशका विभिन्न स्थानहरुमा आवश्यकतानुसारको जग्गा खरिद गरी लिज वा भाडामा लिई अर्काको जग्गामा साझेदारी ब्यापारको लागि सम्झौता गरि आवास योजना (हाउजिङ्ग तथा लिजिङ्ग) सञ्चालन गर्ने, आवास

गृह निर्माण गरी बिक्री वितरण गर्ने तथा जग्गा प्लानिङ्ग गरी बिक्री-वितरण गर्ने गराउने तथा तत् सम्बन्धी आवश्यक थप काम कारबाही गर्ने गराउने । सपिङ्ग मल, टाउन सिप, एम्युजमेण्ट पार्क, वाटर पार्क, आई टी पार्क, स्पेशल एक्सपोर्ट जोन, फ्रि ट्रेड जोन आदि निर्माण गर्ने, बिक्री वितरण गर्ने तथा ज्वाईन्टभेन्चरमा काम गर्ने गराउने

४. दफा ४ (ज) : नेपाल राष्ट्रबैंक तथा सम्बन्धित निकायको स्विकृती लिई विदेशी मुद्रा सटही तथा रेमिटान्सको कारोवार गर्ने ।

५. कम्पनी ऐन २०५३ को सट्टा कम्पनी ऐन २०६३ गरी आवश्यक दफा मिलाउने ।

६. श्री ५ को सरकारको सट्टा नेपाल सरकार

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## नियमावलीमा संशोधन तथा थप

नियमावली दफा १, को नेपाली नामपछि अंग्रेजी नाम थप गर्ने, दफा ४८, ४९, ६० र श्री ५ को सरकारको सट्टा नेपाल सरकार र कम्पनी ऐन २०५३ को सट्टा कम्पनी ऐन २०६३ भनी देहाय बमोजिम संशोधन एवं दफा ९६ (क) र ९७ खारेज गर्ने :

१. दफा १ : कम्पनीको नाम : साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड अंग्रेजीमा STC Limited हुनेछ ।

२. दफा ४८ : कर्पोरेशनको कुल शेयर सङ्ख्याको पचास प्रतिशत भन्दा बढीको शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरवालाहरु मध्ये कम्तीमा तीन जना शेयरवाला स्वयं वा आफ्ना प्रतिनिधीद्वारा उपस्थिति नभई सभाको कामकारबाही हुने छैन ।

३. दफा ४९ : नियम ४८ बमोजिमको सङ्ख्यामा शेयरवालाहरु उपस्थित नभएकोले सभा हुन नसकेकोमा कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउदा कुल शेयर सङ्ख्याको पच्चीस प्रतिशत शेयर प्रतिनिधित्व हुने गरी तीनजना शेयरवालाहरु स्वंय वा आफ्नो प्रतिनिधिद्वारा उपस्थिति भएमा सभा गर्न बाधा पर्ने छैन ।

४ दफा ६० : कर्पोरेशनको साधारणसभामा अन्यथा निर्णय गरेमा बाहेक समितिमा सन्चालकहरुको सङ्ख्या ३ भन्दा घटी र ९ भन्दा बढी हुनेछैन । स्वतन्त्र सन्चालक सहित अधिकतम ११ जनाको सन्चालक समिति हुनेछ ।

५. दफा ९६ (क) : खारेज गर्ने ।

६. दफा ९७ : खारेज गर्ने ।

७. कम्पनी ऐन २०५३ को सट्टा कम्पनी ऐन २०६३ गरी आवश्यक दफा मिलाउने ।

८. श्री ५ को सरकारको सट्टा नेपाल सरकार

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको
## नियमावलिमा शंसोधन तथा थप

नियमावलिको दफा ५ को (क),(ख) मा शंसोधन एंव (ख) पछि (ग) थप गर्ने :

(क). अधिकृत पुंजि: कर्पोरेशनको अधिकृत पुंजि रु १००।–दरको १,००,००,००० (एक करोड) कित्ता शेयरमा विभाजित रु १,००,००,००,०००।–(एक अरव) हुनेछ ।

(ख. जारी पुंजि : कर्पोरेशनको जारी पूंजि रु १००।– दरको १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा बिभाजित रु १,००,००,००,०००।–(एक अरव) हुनेछ ।

(ग). अग्राधिकार शेयर: कर्पोरेशनले अधिकृत पूंजि मध्येबाट प्रति शेयर रु १०० दरको २५,००,००० (पच्चिस लाख) कित्ता शेयरमा विभाजित रु २५,००,००,०००।– (पच्चिस करोड) बराबरको अग्राधिकार शेयर कर्पोरेशनले उपयुक्त ठहराएका सर्तमा जारी गर्न सक्नेछ ।